ऐन संख्याः १
सभाबाट स्वीकृत मितिः २०७५/०३/१५

.

# मेल्लेख गाउँपालिकाका विनियोजन ऐन, २०७५

**मेल्लेख गाउँपालिका**
**अछाम जिल्ला**
**७ नं. प्रदेश**

# मेल्लेख गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सञ्चितकोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**

मेल्लेख गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी, मेल्लेख गाउँसभाले यो ऐन सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्वन्धी यो ऐन बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मेल्लेख गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–
(क) "ऐन" भन्नाले मेल्लेख गाउँपालिकाको विनियोजन ऐन, २०७५ सम्झनुपर्छ ।
(ख) "कार्यपालिका" भन्नाले मेल्लेख गाउँ कार्यपालिका सम्झनुपर्छ ।
(ग) "गाउँपालिका" भन्नाले मेल्लेख गाउँपालिका सम्झनुपर्छ ।
(घ) "सभा" भन्नाले मेल्लेख गाउँपालिकाको सभा सम्झनुपर्छ ।
(च) "संविधान" भन्नाले नेपालको संविधान २०७२ सम्झनुपर्छ ।

**३. आर्थिक वर्ष २०७५/०७६ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने:** (१) आर्थिक बर्ष २०७५/०७६ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३१,८२,०३,५२९। (अक्षेरुपीः रु. ३१ करोड, ८२ लाख तीन हजार, पाँच सय उनन्तिस, रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**४. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त मेल्लेख गाउँपालिको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।
(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।
(४) पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।
तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको दश प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

**अनुसूचि-१**
**(दफा २ सँग सम्बन्धित)**
**नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका | ४,८६,६८,३४०। | ८,९३,७५,०००। | | १३,८०,४३,३४०। |
| २ | | वडा समिति | २७,४४,०००। | २,६८,२२,३८०। | | २,९५,६६,३८०। |
| ३ | | बिषयगत शाखा, लक्षित वर्ग | १,८८,००,०००। | | | १,८८,००,०००। |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण | | | | |
| ६ | | गैर सरकारी संघसंस्था | | | | ८२,३९,८०९। |
| ७ | | सशर्त | | | | १२,३५,५४,०००। |
| | | **जम्मा** | ३१,८२, ०३,५२९। | | | |

*समाप्त*